**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs  Date: 29.08.2025**

---

***राष्ट्रीय खेलकूद दिवस***

हक्कीका दिग्गज मेजर ध्यानचन्दको सम्मानमा आज अर्थात 29 अगस्तका दिन मनाईने राष्ट्रीय खेलकूद दिवसले हामीलाई खेलकूदले समाजमा ल्याउने अनुशासन, टोली कार्य र उत्कृष्टताको भावनाको सम्मान गराउँछ।

राज्य सरकारले सबै विषयक खेलाड़ीहरूलाई निरन्तर सहयोग गरेकोछ, कल्याणकारी योजनाहरू ल्याएकोछ र उद्यीमान प्रतिभाहरूलाई प्रोत्साहित गर्न आधुनिक खेलकूद पूर्वाधारको जग बसालिरहेकोछ। सिक्किमका खेलाड़ीहरू राष्ट्रीय र अन्तर्राष्ट्रीय मंचहरूमा चम्कन सकून भनेर प्रशिक्षण सुविधाहरू प्रोत्साहनहरू र अवसरहरू विस्तार गरिन्छ।

मुख्यमन्त्री प्रेम सिंह तामाङले भन्नुभयो यस राष्ट्रिय खेलकूद दिवसमा, हामी हाम्रा खेलाड़ीहरूको समर्पणलाई सलाम गर्छौं र उनीहरूलाई सशक्त बनाउने आफ्नो प्रतिबद्धताको पुन : पुष्टि गर्छौं सिक्किम ओलम्पिक संघले पनि प्रख्यात हँकी खेलाड़ी मेजर ध्यानचन्दलाई श्रद्धान्जली अर्पण गर्दछ।

यस सन्दर्भमा सिक्किम बैडमिन्टन संघका समासचिव सुकान्त दासले हामीसित आफ्नो भावना गर्दै भन्नुभएकोछ -

---

***राष्ट्रीय खेलकूद दिवस- पाल्जोर स्टेडियम***

सिक्किम पनि हकीका महान खेलाड़ी मेजर ध्यानचन्दको जन्मजयन्तीमा उनलाई श्रद्धान्जली अर्पण गर्दै, राष्ट्रीय खेलकूद दिवस मनाउन, राष्ट्रसंग शामेल भएकोछ। यस अवसरमा, खेलकूद तथा युवा मामिला विभागले 29 देखि 31 अगस्त सम्म् राष्ट्रीय खेलकूद दिवस 2025 को राज्यस्तरीय उत्सवको आयोजना गरेकोछ जसमा खेलकूद तथा युवा केन्द्रित प्रतियोगिता र गतिविधिहरू श्रंखलाबद्ध रूपमा आयोजना पहिलो दिनको आयोजना आज बिहान पाल्जोर स्टेडियममा गरिएको थियो जसमा मन्त्री राजू बस्नेत प्रमुख अतिथि को रूपमा उपस्थित हुनुहुन्थ्यो।

---

***मुख्यमन्त्री- ओडिशा***

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले ओडिशाको कटक स्थित, प्रतिष्ठित जवाहरलाल नेहरू Indoor Stadium मा आयोजित सब-जूनियर तथा सीनियर राष्ट्रीय championship 2025 मा भाग लिनुभयो। श्री तामाङले यो Championship हेर्नपाउनु रमाइलो र अविस्मरणीय क्षण भएको भन्नुभयो जसले देशभरका युवा र सीनियर खेलाड़ीहरूको अपार प्रतिभा समर्पण र खेल भावना प्रदर्शन गरिएकोमा प्रशन्सा गर्नुभयो।

सिक्किमको प्रतिनिधित्व गर्दै 28 अगस्त देखि 2 सेप्तेम्बर, 2025 सम्म हुने Championship मा Sikkim Amateur Taekwondo संघका 51 खेलाड़ी प्रशिक्षक र कार्यकारी निकायका सदस्यहरूको टोलीले भाग लिईरहेकोछ।

टोलीको नेतृत्व, संघका अध्यक्ष उमेश तामाङ र महासचिव सुमन तामाङले गरिरहेका छन्।

प्रक्रिया तामाङले व्यक्तिगत Freestyle Poomsae सब जुनियर श्रेणीमा रजत पदक जीतेर सिक्किमको नाम रोशन गरिन् जुन राज्यका लगि गर्वको क्षण र युवाहरू माझ बढ़दो प्रतिभाको प्रमाण हो।

---

***सिक्किम SCPCR- अगरतला***

राष्ट्रीय बाल अधिकार संरक्षण आयोग, NCPCR ले त्रिपुरा सरकारको समाज कल्याण तथा सामाजिक शिक्षा विभागसंगको सहकार्यमा अगरतलामा आज बाल अधिकार सम्बन्धी एक दिवसीय पूर्वोत्तर क्षेत्रीय सम्मेलनको आयोजना गरयो।

सिक्किमबाट, सिक्किम राज्य बाल अधिकार संरक्षण आयोग, SCPCR का सदस्य अनिश शर्माले आधिकारिक रूपमा आयोगको प्रतिनिधित्व गरे।

सो अवसरमा, त्रिपुराका मुख्यमन्त्री प्रोफेसर डाँ मानिक साहा प्रमुख अतिथिको रूपमा अनि त्रिपुराका समाज कल्याण तथा सामाजिक कशिक्षा मन्त्री टिकू रोय सम्मानित अतिथिको तवरमा उपस्थित हुनुहुन्थ्यो।

खुला सदन छलफल र "अग्रगामी बाटो" प्रस्ताव पारित गर्दै सम्मेलन समाप्त भयो जसमा सिक्किमले सम्वाद र नीतिगत सिफारिशहरूमा सक्रिय रूपमा योगदान पुऱ्यायो।